# ७ सात तुरही

***यस अध्यायका मूल पदहरू:*** प्रकाश ८:१-१३, गन्ती १०:८-१०, इजकिएल १०:२ प्रकाश १०:१-११, दानिएल १२:६,७, प्रकाश ११:१-१३ र लेबीहरू १६।

***यस अध्यायको मूल सार पद:*** **"तर ती दिनहरूमा जब सातौं स्वर्गदूतले आफ्नो तुरही फुक्नै लाग्छन्, उहाँले आफ्ना सेवक अगमवक्ताहरूलाई घोषणा गर्नुभएझैं परमेश्वरको रहस्य पूरा हुनेछ।" प्रकाश १०:७।**

जब पाँचौ लालमोहर खोलिएको दृश्य यूहन्नालाई देखाएको थियो त्यसबेला परमेश्वरका जनहरूको रुवावासी तिनले देखेको कुरा हामीले पढ्यौं। सारा युगहरूमा रहेका परमेश्वरका विश्वासी जनहरूको रुवावासीलाई त्यस दृश्यले प्रतिबिम्बित गर्दछ। परमेश्वरका ती निष्ठावान भक्तजनहरू उहाँको बेदीमुन्तिर न्याय र सही फैसलाको निम्ति चिच्याइ रहेका थिए: "कतिञ्जेल, हे प्रभु?" (प्रकाश ६:१० रूपान्तरित)। स्वर्गबाट आकाशवाणी भएर तिनीहरूलाई पर्खन साहस दिन्छ किनभने तिनीहरूलाई हानी गर्ने मानिसहरूलाई परमेश्वरले गर्नुहुने न्यायको दिन आउँदैछ। प्रकाश ६:१५-१७ले यस संसारमा येशूको आगमनको चित्रण गर्दछ र उहाँका इमान्दारी र निष्ठावान भक्तहरूलाई खराब गर्नेहरूप्रति उहाँले गर्नुहुने न्यायको फैसला उहाँको साथमा भएको थियो। पाँचौं लालमोहर खोलिंदा परमेश्वरका जनहरूको दुःखकष्टको दृश्य देखिएको थियो। यो हाबेलको समयदेखि युगको अन्तसम्म दुःखकष्ट पाएका परमेश्वरका जनहरूको इतिहास थियो। आफ्ना सेवकहरूको रगत (प्रकाश १९:२)को बदला आखिरमा उहाँले लिनुनै हुनेछ। जुनसुकै कष्ट पाएतापनि परमेश्वरका जनहरू निष्ठावान भएर बस्नुपर्दछ र आफ्ना जनहरूको प्रार्थना उहाँले सुन्नुहुनेछ भनेर तिनीहरूले विश्वास गरिरहनुपर्दछ।

आफ्ना दविएका वा दवाएका जनहरूको पक्षमा र तिनीहरूलाई नोक्सान पुऱ्याउने मानिसहरूको बिपक्षमा परमेश्वरले इतिहासभरी हस्तक्षेप गर्नुभएको थियो भनेर यूहन्नाले दर्शन देखेका सात तुरहीको दृश्यले बताउँदछ। आफ्ना जनहरूको दुःखकष्टमा परमेश्वर चुप लागेर बस्नुभएको छैन भनेर

ढुक्क हुनु होस् भन्ने विश्वास दिलाउन सात तुरहीहरूको दर्शनदृश्यको उद्देश्य हो।

## १. सन्तहरूको प्रार्थना

सात जना स्वर्गदूतहरूले आआफ्ना हातमा तुरही लिएर फुक्न तयार भएर परमेश्वरको सामु उभिरहेको यूहन्नाले देखेको चित्र प्रकाश ८मा लेखेर यो अध्याय सुरू गरेका थिए। तर तुरही फुक्नुभन्दा अघि अर्को दृश्य त्यहाँ देखा पर्छ। तुरहीहरूको अर्थ के हो भनेर त्यसको धार्मिक अर्थ बुझाउन त्यो दृश्य घुसारिएको थियो।

यरुशलेममा रहेको पवित्र मन्दिरमा दिनदिनै गरिने देहायको सेवा विधिहरूको वर्णन साथै प्रकाश ८ः३, पढ्नुहोस्ः बाइबलबारे टिप्पणी गरिएको यहूदीहरूको पुस्तकमा प्रत्येक बेलुका थुमाको बलिको बारेमा व्याख्या गरिएको छ। मन्दिरको आँगनमा रहेको अग्नी बेदीमा थुमालाई बलि चढाएर राखिन्थ्यो र त्यसको रगत बेदीको आधारमा पोखाइन्थ्यो। खटिएको एक पुजारीले सुनको भाँडोमा रहेको धुप लिएर मन्दिरभित्र जान्थ्यो अनि पवित्र स्थानमा रहेको सुनको बेदीमा धुप चढाउँथ्यो। जब पुजारी त्यहाँबाट निस्कन्थ्यो तब आफूसँग रहेको धुपको भाँडोलाई पेटीमा फ्याँक्थ्यो। त्यसले ठूलो आवाज निकाल्थ्यो। त्यस बखत सात जना पुजारीहरूले सातवटा तुरही फुक्थे। त्यसको अर्थ त्यस दिनमा मन्दिरमा हुने सेवाकार्य सिद्धिएको बुझाउँथ्यो।

अब प्रकाश ८ः१-५ पढ्नुहोस् "१ जब थुमाले सातौं मोहोर तोड्नुभयो, तब प्रायः आधा घण्टासम्म स्वर्गमा सन्नाटा छायो। २ परमेश्वरको सामुन्ने उभिने सात स्वर्गदूतहरूलाई मैले देखें। तिनीहरूलाई सात वटा तुरही दिइयो। ३ अनि अर्को एउटा स्वर्गदूत आए, अनि सुनको धुपौरो लिएर वेदीको छेउमा खड़ा भए। सिंहासनको सामुन्ने रहेका सुनको वेदीमाथि सबै सन्तहरूका प्रार्थनासँग चढ़ाउनका निम्ति तिनलाई धेरै धूप दिइयो। ४ धूपको धूवाँ सन्तहरूका प्रार्थनाका साथ स्वर्गदूतको हातबाट परमेश्वरको सामुन्ने मास्तिर गयो। ५ तब स्वर्गदूतले धुपौरो लिएर वेदीको आगो त्यसमा भरिदिए, र पृथ्वीमा फ्याँकिदिए। अनि मेघ गर्जनहरू, आवाजहरू, बिजुलीको चमकहरू उत्पन्न भए र भूकम्प गयो।"

पृथ्वीको मन्दिरमा बेलुकीपख गरिने सेवाकार्यको लवज प्रकाश ८ः३-५मा प्रयोग गरिएको हामी देख्न सक्दछौं। परमेश्वरको सिंहासनको अघि

रहेको सुनको बेदीमा स्वर्गदूतले पाएको धुपको अर्थ महत्त्वपूर्ण छ। त्यो धुपको अर्थ परमेश्वरका जनहरूको प्रार्थना हो (प्रकाश ८:३)। तिनीहरूको प्रार्थनाको जवाफ अब परमेश्वरले दिनुभएको थियो।

प्रकाशको पुस्तकमा सातवटा तुरहीहरूको बारेमा महत्त्वपूर्ण सन्देश दिइएको छः सात तुरहीको अर्थ बिद्रोही मानव जगतप्रति गरिने परमेश्वरको न्याय हो। ती दुष्ट मानवहरूले परमेश्वरका जनहरूलाई दुःख सास्ती र दवाउने नीति लिँदा ती जनहरूको रुवावासी भएको थियो। त्यो क्रन्दन सुनेर परमेश्वरले ती दुष्टहरूलाई के गर्ने भनेर फैसला गर्नुभएको थियो। थुमारूपी येशूको मृत्युपछि तुरहीहरू बजाइएका थिए। यो प्रक्रिया अर्थात् सताइएका परमेश्वरका सन्तहरूको प्रार्थना येशूको दोस्रो आगमन नहुँञ्जेल क्रमिकरूपमा चलिरहनेछ (हेर्नुहोस् प्रकाश ११:१५-१८ "१५ अनि सातौं स्वर्गदूतले आफ्नो तुरही फुके, र त्यसपछि स्वर्गमा यसो भन्ने ठूला-ठूला आवाज गुञ्जिए, “संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।” १६ अनि परमेश्वरको सामुन्ने आफ्नो-आफ्नो सिंहासनमा बस्ने ती चौबीसै धर्म-गुरुहरूले घोप्टो परी परमेश्वरलाई दण्डवत् गरे, १७ भन्न लागे, “हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, हामी तपाईंलाई धन्यवाद चढ़ाउँछौं, जो हुनुहुन्छ र जो हुनुहुन्थ्यो, किनभने तपाईंले आफ्नो ठूलो सामर्थ्य हातमा लिनुभयो र राज्य गर्न थाल्नुभयो। १८ जाति-जातिहरू क्रुद्ध भए, तर तपाईंको क्रोध प्रकट भयो। मरेकाहरूका इन्साफको समय आयो, र तपाईंका दासहरू र अगमवक्ताहरू र सन्तहरूलाई र तपाईंका नाउँको डर मान्ने ठूला-सानाहरूलाई इनाम दिने समय, र पृथ्वीको विनाश गर्नेहरूलाई नाश गर्ने समय आयो")।

**प्रकाश ८:५सँग इजकिएल १०:२ पढ्नुहोस्ः प्रकाश ८:५ "तब स्वर्गदूतले धुपौरो लिएर वेदीको आगो त्यसमा भरिदिए, र पृथ्वीमा फ्याँकिदिए। अनि मेघ गर्जनहरू, आवाजहरू, बिजुलीको चमकहरू उत्पन्न भए र भूकम्प गयो।" र इजकिएल १०:२ "२ तब परमप्रभुले त्यो सूती कपड़ा लगाएको मानिसलाई भन्नुभयो, “करूबहरूका मुन्तिर रहेका पाङ्ग्राहरूका बीचमा जा। ती करूबहरूका बीचमा भएको जलिरहेको आगोको भुङ्ग्रो हातमा लिएर सहरमाथि छरिदे।” तब मैले हेर्दाहेर्दै त्यो भित्र पस्यो।" परमेश्वरमाथि विश्वास नगरेर भ्रष्ट भएको यरुशलेममा आगो फ्याँकिएको दृश्य इजकिएलले देखेका थिए। त्यसले प्रकाशको पुस्तकमा वर्णन गरिएको तुरहीहरूको स्वभावलाई कसरी स्पष्ट पार्दछ?**

स्वर्गदूतले बेदीबाट धुपौरोमा आगो भर्दछन् र पृथ्वीमा फ्याँक्दछन्। त्यो आगो त्यही बेदीबाट निकालिएको थियो जहाँ परमेश्वरका सन्तहरूको प्रार्थना थुप्रिएको थियो। यो अर्थपूर्ण मान्नुपर्छ। त्यही बेदीबाट आगो आएको तथ्यले सातवटा तुरहीको आवाजबाट ल्याउने न्याय पृथ्वीका मानिसहरूमा खनिएको र त्यो परमेश्वरका जनहरूको प्रार्थनाको जवाफमा थियो भनेर बुझाउँछ। साथै परमेश्वरले आफ्नो समयमा ती सन्तहरूको पक्षमा हस्तक्षेप गर्नुहुनेछ भनेर पनि त्यस घट्नाले देखाउँदछ। मन्दिरको पेटीमा वा स्वर्गदूतले धुपौरो फ्याँकिएको अर्थले यो पनि बुझाउन सक्दछ कि अहिलेसम्म येशूले गरिरहनुभएको सन्तहरूको निम्ति पहल सधैं चलिरहन्न। उहाँ चाहनुहुन्छ कि पापीहरू उहाँलाई विश्वास गरेर आआफ्ना पापहरूबाट फर्कुन् र त्यसो गर्दा उहाँले तिनीहरूको पाप क्षमा दिइएर परमेश्वरको सामु उहाँले तिनीहरूलाई सफाइ दिनुहुन्छ। तर पापीहरूलाई पश्चाताप गरेर पापबाट फर्किन दिएको समय सकिनेछ भनेर पनि प्रभुको वचनले सिकाउँदछ। (हेर्नुहोस्ः प्रकाश २२ः११,१२ "११ दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" १२ "हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।",यशैया ४०ः१० "हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ।", यशैया ६२ः११ "परमप्रभुले पृथ्वीको पल्लो छेउसम्म घोषणा गर्नुभएको छः "सियोनकी छोरीलाई भन, 'हेर, तेरा मुक्तिदाता आउँदैहुनुहुन्छ! हेर, उहाँको प्रतिफल उहाँसितै छ, र उहाँको इनाम उहाँकै साथ हुनेछ'।" र भजन २८ः४ "४ तिनीहरूका काम र तिनीहरूले गरेका दुष्ट कर्मअनुसारको प्रतिफल तिनीहरूलाई दिनुहोस्, तिनीहरूका हातका कर्मअनुसारको प्रतिफल तिनीहरूलाई दिनुहोस्, र तिनीहरूले पाउनुपर्ने दण्ड तिनीहरूलाई दिनुहोस्")।

## २. तुरहीहरूको अर्थ

परमेश्वरका जनहरूको पक्षमा हस्तक्षेप गर्ने उहाँको कार्यलाई जनाउन प्रकाशको पुस्तकले पुरानो करारमा प्रयोग गरिएका तुरहीहरूलाई प्रतीकको रूपमा प्रयोग गरिएको छ। पौराणिक इस्राएलको दैनिक जीवनमा तुरहीहरूले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेका थिए (उदाहरणमा, गन्ती १०ः८-१० "८

“हारूनका छोराहरू, पूजाहारीले नै तुरहीहरू फुक्ने गरून्। यो तिमीहरू र तिमीहरूका भावी पुस्ताका लागि अनन्तको विधि होस्। ९ आफ्नै देशमा तिमीहरूमाथि थिचोमिचो गर्ने शत्रुका विरुद्धमा तिमीहरू लड़ाइँ गर्न जाँदा तिमीहरूले तुरहीद्वारा जनाउ-ध्वनि फुक्नू। तब परमप्रभु तिमीहरूका परमेश्वरको सामु तिमीहरूको सम्झना हुनेछ, र तिमीहरूका शत्रुहरूबाट तिमीहरूको रक्षा हुनेछ। १० तिमीहरूका हर्षका दिनमा– तिमीहरूका तोकिएका चाड़हरू र औंसीका चाड़हरूमा– आफ्ना होमबलि र मेलबलिहरू चढ़ाउँदा तिमीहरूले तुरही बजाउनू, र आफ्ना परमेश्वरको सामुन्ने ती तिमीहरूका सम्झनाको निम्ति होऊन्। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।” र २ इतिहास १३:१४,१५ "१४ जब यहूदाका मानिसहरूले फर्केर हेरे, तब तिनीहरूले लड़ाइँ आफ्नो अघि र पछि दुवैतिर रहेछन् भनी देखे। तब तिनीहरूले सहायताको निम्ति परमप्रभुलाई पुकारे। पूजाहारीहरूले आफ्ना तुरही फुके, र यहूदाका मानिसहरूले चिच्च्याएर कराए। १५ तिनीहरूले त्यसो गर्दा परमेश्वरले यारोबाम र सबै इस्राएलीहरूलाई अबिया र यहूदाको सामुन्ने परास्त गर्नुभयो।" जब तुरहीको आवाज मानिसहरूले सुने तब मन्दिरमा हुने आराधनाको समयलाई सम्झन्थे। युद्धमा, कटानीको समयमा र विभिन्न चाडबाडमा तुरहीहरूलाई प्रयोग गरिन्थ्यो।

जब तुरहीहरू फुकिन्थ्यो तब त्यसको साथसाथै प्रार्थना पनि गरिन्थ्यो। आराधनाको समयमा र चाडबाडमा तुरही फुक्दा परमेश्वरको करार आफ्ना जनहरूसँग भएको याद दिलाउँथ्यो। परमेश्वरको दिनको लागि मानिस तयार हुन पनि तुरही फुकिन्थ्यो (योयल २:१ "सियोनमा तुरही फुक, मेरो पवित्र डाँड़ामा चेताउनी ध्वनि बजाओ। देशमा बस्नेहरू सबै थरथर कामून्, किनकि परमप्रभुको दिन आउँदैछ, त्यो नजिकै छ।" युद्धको समयमा तुरही फुक्दा मानिसहरूले के गर्ने भनेर निर्देशन दिइन्थ्यो, यसलाई चेतावनीस्वरुप पनि प्रयोग गरिन्थ्यो र आफ्ना जनहरूको उद्धार गर्न परमेश्वरसँग बिन्ति गर्न तुरही बजाइन्थ्यो। प्रकाशको पुस्तकमा उल्लेख गरिएका तुरहीहरूको पृष्ठभूमि पुरानो करारमा प्रयोग गरिने तुरहीहरू थिए।

**प्रकाश ८:१३ र प्रकाश ९:४,२०,२१मा उल्लेख गरिएको सातवटा तुरहीले फुक्ने न्यायको उद्देश्य के हो? हेर्नुहोस्, "मैले हेरें, र मध्य आकाशमा उड़िरहेको एउटा गरुड यसो भन्दै चर्को सोरले कराएको सुनें, “फुक्न बाँकी रहेका तीन स्वर्गदूतका अरू तुरहीका आवाजको कारणले पृथ्वीमा वास**

**गर्नेहरूलाई धिक्कार! धिक्कार! धिक्कार!" (प्रकाश ८:१३) र "अनि पाँचौं स्वर्गदूतले आफ्नो तुरही फुके, र मैले एउटा तारा देखें, जो स्वर्गबाट पृथ्वीमा खसेको थियो। त्यस तारालाई अतल कुण्डको साँचो दिइयो... ४ तिनीहरूलाई आदेश दिइयो, कि पृथ्वीका घाँस वा कुनै बोट-बिरुवालाई हानि नगर्नू, तर मानव-जातिका तिनीहरूलाई मात्र हानि गर्नू जसको निधारमा परमेश्वरको मोहोर छैन।... २० यी विपत्तिद्वारा नमारिएका बाँकी मानिसहरूले आफ्ना हातका कामबाट अझ पनि पश्चात्ताप गरेनन्। तिनीहरूले भूतहरूलाई र देख्न नसक्ने, सुन्न नसक्ने र हिँड्न नसक्ने सुन, चाँदी, काँसा, ढुङ्गा र काठका मूर्तिहरूलाई पुज्न छोड़ेनन्। २१ तिनीहरूले आफूले गरेको हत्या, जादूगरी, व्यभिचार र चोरीको पश्चात्ताप गरेनन्। (प्रकाश ९:१,४,२०-२१)।**

प्रकाशको पुस्तकमा उल्लेख गरिएका तुरहीहरूबाट ल्याउने घट्नाहरूले आफ्ना जनहरूको प्रार्थनाको जवाफ स्वरुप इतिहासभरि परमेश्वरले गर्ने हस्तक्षेपलाई जनाउँदछ। मुख्यत लालमोहरले परमेश्वरका जनहरू हौं भनेर दावी गर्ने मानिसहरूको बारेमा भनिएको छ भने तुरहीले यस संसारमा रहने परमेश्वर विरोधी मानव जातिको बिरुद्ध गरिने न्यायको आगमनलाई जनाइएको थियो (प्रकाश ८:१३ "मैले हेरें, र मध्य आकाशमा उड़िरहेको एउटा गरुड यसो भन्दै चर्को सोरले कराएको सुनें, "फुक्न बाँकी रहेका तीन स्वर्गदूतका अरू तुरहीका आवाजको कारणले पृथ्वीमा वास गर्नेहरूलाई धिक्कार! धिक्कार! धिक्कार!")। फेरि त्यसैबखत पृथ्वीमा रहेका दुष्ट मानिसहरूलाई पश्चाताप गर्न चेतावनीस्वरुप पनि तुरही फुकिएको थियो। समय आउने छ जब पश्चाताप गर्ने अबसर सबैले गुमाउनेछन्।

यूहन्नाको समयदेखि र यस पृथ्वीको इतिहासको अन्तसम्म हुने विभिन्न घट्नाहरूलाई सातवटा तुरहीहरूले ढाक्दछ (प्रकाश ११:१५-१८ "१५ अनि सातौं स्वर्गदूतले आफ्नो तुरही फुके, र त्यसपछि स्वर्गमा यसो भन्ने ठूला-ठूला आवाज गुञ्जिए, "संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।" १६ अनि परमेश्वरको सामुन्ने आफ्नो-आफ्नो सिंहासनमा बस्ने ती चौबीसै धर्म-गुरुहरूले घोप्टो परी परमेश्वरलाई दण्डवत् गरे, १७ भन्न लागे, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, हामी तपाईंलाई धन्यवाद चढ़ाउँछौं, जो हुनुहुन्छ र जो हुनुहुन्थ्यो, किनभने तपाईंले आफ्नो ठूलो सामर्थ्य हातमा लिनुभयो र राज्य गर्न थाल्नुभयो। १८ जाति-जातिहरू क्रुद्ध भए, तर तपाईंको क्रोध प्रकट भयो। मरेकाहरूका

इन्साफको समय आयो, र तपाईंका दासहरू र अगमवक्ताहरू र सन्तहरूलाई र तपाईंका नाउँको डर मान्ने ठूला-सानाहरूलाई इनाम दिने समय, र पृथ्वीको विनाश गर्नेहरूलाई नाश गर्ने समय आयो")। जब स्वर्गमा सन्तहरूको प्रार्थना पुग्छ (प्रकाश ८:३-६) र संसारभरि सुसमाचार सुनाइन्छ तब ती तुरहीहरू फुकिन्छ (प्रकाश १०:८-११:१४)। तुरही फुकेर ल्याउने न्याय केवल आंशिकमात्र हुन्। सृष्टिको एक तिहाइ भागलाईमात्र असर पार्दछ। सातौं तुरहीले यो घोषणा गर्दछ कि परमेश्वरले आधिकारिकरूपमा यस संसारलाई आफैले शासन गर्ने समय आइपुगेको छ। रोचक त यो छ कि सातवटा तुरहीहरू फुक्ने घट्नाको समय त्यही समयकालमा ढाकिएको पाइन्छ जस सात चर्चहरू र सातवटा लालमोहरको समय ढाकिएको थियोः

प्रथम दुई तुरहीले ती राष्ट्रहरूको खिलाफमा बजाइएको थियो जसले येशूलाई क्रुसमा टाँगे र सुरुका चर्चहरूलाईयेशू विद्रोही यरुशलेम र रोमी साम्राज्यले सताए। मध्य युग अर्थात् पाचौं शताब्दीदेखि पन्द्रौं शताब्दी सम्मका इसाई हौं भनेर दावी गर्ने तर परमेश्वरको शुद्ध वचन अनुसार नचल्ने पतित इसाईहरूको बिरुद्धमा परमेश्वरले गरिने न्यायलाई तेस्रो र चौंथो तुरहीको आवाजले चित्रण गर्दछ।

मध्ययुगको इतिहासको अन्तिम समय र सुधारवादी इसाईहरूको उदयपछि आएका बाइबलको नाउँमा आएका विभिन्न धर्मदर्शनहरू तर बाइबलसँग बाझिने शिक्षा वा दर्शनहरूले ल्याएका विभिन्न मतभेद र धर्मको नाउँमा युद्ध गर्ने मानिसहरूको विवरण ती पाँचौं र छैठों तुरहीको आवाजले गर्दछन्। यी समयहरूमा शैतानले अनेकौं जालझेल गरि चमत्कारीय काम गरेर मानिसहरूलाई परमेश्वरतिर मन लगाउन नदिन प्रयास गर्दछन्। दुष्ट आत्माहरूले तन्त्रमन्त्र, जादु टुनामुना, मरेका आत्माहरूलाई जगाउने जस्ता छली क्रियाकलाप अत्यन्तै बढ्नेछन्। अन्तमा आर--मागेड्डोनको युद्धमा संसारलाई होमीनेछ।

**इतिहास रगतै रगतले भरिएको र पीडा र दुःखकष्टले भरिएको छ भन्ने कुरामा कसैको दुईमत छैन (करिब चार करोड भन्दा बढि इसाईहरू शहीद भएका छन् र तिनीहरूमा पनि इसाई भनिनेहरूले नै आफ्ना मत नमान्नेहरूलाई सताएका थिए)। यस दुःखदायी वास्तविकताको बीचमा येशूले हाम्रो निम्ति गर्नुभएको प्रतिज्ञा कतिको अचम्म लाग्दो छ भनेर हामीले कसरी महसुस गर्ने?**

## ३. स्वर्गदूतसँग खोलिएको लेखा पुस्तक

युगको अन्तसम्म छैटौं तुरहीले हामीलाई ल्याउँदछ। यस समयमा परमेश्वरका जनहरूलाई के गर्न आह्वान गरिएको छ त? सातौं तुरहीको आवाज फुक्नुअघि बीचमा एउटा घट्ना घुसारिएको छ। युगको अन्तमा परमेश्वरका जनहरूले पाउने अनुभव र गर्नुपर्ने कामलाई त्यस घट्नाले व्याख्या गर्दछ।

**प्रकाश १०:१-४ पढ्नुहोस् र त्यहाँ के भइरहेको छ सो सोच्नुहोस्। "१ मैले बादलमा लपेटिएको अर्का शक्तिशाली स्वर्गदूतलाई स्वर्गबाट ओर्लेका देखें। तिनको शिरमा इन्द्रेणी थियो, र तिनको मुहार सूर्यजस्तो र पाउहरू आगोका खामाजस्ता थिए। २ तिनको हातमा खोलिराखेको एउटा सानो चर्मपत्रको मुट्ठो थियो। तिनले आफ्नो दाहिने खुट्टा समुद्रमा र देब्रे खुट्टा जमिनमा राखे। ३ अनि सिंह गर्जेझैं तिनी ठूलो सोरले कराए, र तिनी कराएपछि सात मेघ गर्जनहरूको आवाज आयो। ४ जब ती सात मेघ गर्जनहरूले आफ्नो-आफ्नो आवाज निकाले, म लेख्नै लागेको थिएँ, त्यसै बेला स्वर्गबाट यसो भन्ने आवाज मैले सुनें, "ती सात मेघ गर्जनहरूले निकालेका आवाजलाई गुप्त राख, र ती नलेख।"**

"यूहन्नालाई निर्देशन दिने शक्तिशाली स्वर्गदूत अरू कोही नभएर येशू ख्रीष्ट आफै हुनुहुन्थ्यो"-एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९७१बाट रूपान्तरित। उनले आफ्नो पाऊ समुद्र र जमिनमा राख्दछन्। यसले उहाँको जगतव्यापी शासनलाई जनाउँछ र विश्वव्यापी महत्त्वपूर्ण घोषणा गर्नै लागेको भनेर देखाउँछ। उनी सिंह जस्तै गर्जिन्छन्। सिंहको गर्जन परमेश्वरको आवाज हो भनेर पनि देखाइन्छ (होशे ११:१० "१० तिनीहरूले परमप्रभुलाई पछ्याउनेछन्। उहाँ सिंहझैं गर्जनुहुन्छ। जब उहाँ गर्जनुहुन्छ, उहाँका बालकहरू थरथर काम्दै पश्चिमबाट आउनेछन्।" र प्रकाश ५:५ "५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ")। ती गर्जनहरूले के भने सो लेख्न यूहन्नालाई अनुमति दिएको थिएन। भविष्यका कति कुराहरू छन् जुन् परमेश्वरले हामीहरूलाई यूहन्नाबाट प्रकट गर्नुभएको छैन।

**प्रकाश १०:५-७ र दानिएल १२:६,७मा साझा शब्दहरू छन्। ती के हुन्? हेर्नुहोस् "५ तब समुद्र र जमिनमा उभिएका जुन स्वर्गदूतलाई मैले देखेका**

थिएँ, तिनले आफ्नो हात स्वर्गतिर उचाले। ६ अनि सदासर्वदा जीवित रहनुहुने, तथा स्वर्ग र त्यसमा भएका कुराहरू, पृथ्वी र त्यसमा भएका कुराहरू, समुद्र र त्यसमा भएका कुराहरूलाई सृष्टि गर्नुहुनेको नाउँमा तिनले शपथ खाएर अब ढिलो हुनेछैन भने। ७ तर ती दिनहरूमा जब सातौं स्वर्गदूतले आफ्नो तुरही फुक्नै लाग्छन्, उहाँले आफ्ना दास अगमवक्ताहरूलाई घोषणा गर्नुभएझैं परमेश्वरको रहस्य पूरा हुनेछ।" प्रकाश १०:५-७ र "५ तब म, दानिएलले हेरें र मेरो सामु अरू दुई जना उभिए, एक जना नदीको यतापट्टि किनारमा र एक जना अर्कोपट्टि किनारमा। ६ तीमध्ये एक जनाले नदीको पानीमाथि हुने मलमलको लुगा लगाउनेलाई भने, "यी अचम्मका कुराहरू पूरा हुन अघि कति समय लाग्ला?" ७ त्यस नदीका पानीमाथि हुने मलमलको लुगा लगाएका मानिसले आफ्नो दायाँ हात र बायाँ हात स्वर्गतिर उठाए, र सदासर्वदा रहनुहुनेको नाममा यसो भनेर तिनले शपथ खाएका मैले सुनें, "यो साढ़े तीन वर्षका* निम्ति हुनेछ। जब पवित्र जनहरूको शक्ति अन्तमाः तोड़िनेछ, तब यी सबै कुरा पूरा हुनेछन्।" दानिएल १२:५-७।

"अब समय छैन" (प्रकाश १०:६)मा जब स्वर्गदूतले भन्दछन् त्यो शब्दलाई ग्रीक भाषामा क्रोनोस chromos भनेर सम्बोधन गरिएको छ। त्यसको अर्थ उक्त स्वर्गदूतले समयको अवधिलाई सम्बोधन गरिएको देखाउँछ। यसले दानिएल १२:६,७लाई औंल्याउँछ जब स्वर्गदूतले उनलाई सन्तहरूको सतावटको बारेमा उल्लेख गर्दछ। त्यो अवधि समय, समयहरू र आधा समय अर्थात् १,२६० वर्षलाई बुझाउँछ (त्यो समय सन् ५३८-१७९८ हो)। यस समयमा रोमन क्याथोलिक चर्च वा पोपले बाइबल र बाइबललाई मात्र मान्न चाहने इसाईहरूलाई सताएका थिए ("उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्" दानिएल ७:२५)। दानिएल र प्रकाशको पुस्तकमा उल्लेख गरिएको भविष्यवाणीको एक दिनले एक वर्षलाई जनाउँछ ("तिमीहरूले त्यस देशको भेद लिन चालीस दिन बिताएका थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल भोग्दै रहनेछौ, र तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा पाउनेछौ'।" गन्ती १४:३४-३५ र "ती दिन पूरा भइसकेपछि फेरि दाहिनेतिर कोल्टे पर् र यहूदाका घरानाको पाप भोग्। यस पल्ट मैले चालीस दिन तेरो निम्ति तोकेको

छ्, प्रत्येक वर्षको लागि एक दिन" इजकिएल ४:६)। समय भनेको एक वर्ष, समयहरू भनेको तीन वर्ष र आधा समय भनेको आधा वर्ष। ३६० दिनको अर्थ ३६० वर्ष अर्थात् तोकिएको समयहरू वा दिनहरू वा अर्थ लगाइएका वर्षहरू जम्म १,२६० वर्षहरू हुन्। यस भविष्यवाणीको समय पछि संसारको अन्त हुनेछ। अब समय हुनेछैन भनेर गरिएको सम्बोधनले दानिएलका भविष्यवाणीहरूलाई जनाउँछ। विशेष गरेर उनले २,३०० भविष्यवाणीका दिनहरूलाई दानिएल ८:१४मा उल्लेख गरेका थिए (**"उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पुनःअर्पण हुनेछ")। उनले भनेको भविष्यवाणीको वर्ष ई.पू. ४५७मा सुरु भएको थियो र सन् १८४४मा अन्त्य भएको थियो। यस पछि भविष्यवाणीका दिन वा वर्षहरू तोकिने समय नहुने बाइबलमा देखाइएको छ। यस विषयमा एलेन जी ह्वाइट भन्नुहुन्छः "जुन समयलाई लिएर स्वर्गदूतले सम्बोधन गरेका थिए त्यो अत्यन्त गम्भीर सपथ थियो। यो भविष्यवाणीको समय हो जुन् येशू दोस्रो पटक आउनुभन्दा अघि लागु हुन्छ। त्यसपछि मानिसहरूको निम्ति अर्को कुनै सन्देश हुने छैन जसले समयलाई औँल्याउँछ। यस भविष्यवाणीको समय सन् १८४२देखि १८४४मा पुगेको थियो। त्यसपछि कुनै पनि खास भविष्यवाणीको समय तोकिने छैन। युगको अन्त जनाउने समय सन् १८४४को शरद ऋतुमा पुऱ्याउँछ"-एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९७१बाट रूपान्तरित।**

**संसार यसबेला अन्त हुन्छ भनेर भविष्यवाणी गरेर दिन वा वर्ष तोक्ने बानीबाट हामी पर रहनुपर्छ भनेर उक्त एलेन जी ह्वाइटको भनाइले हामीलाई कसरी बुझाउँछ?**

## ४. मुठ्ठा खानु

प्रकाश १०:८-११मा लेखिएको छ "१० मैले ती स्वर्गदूतको हातबाट त्यो सानो चर्मपत्रको मुट्ठो लिएँ, र खाएँ। मेरो मुखमा त्यो महजस्तै गुलियो भयो। तर त्यो खाएपछि मेरो पेट अमिलो भयो। ११ तब मलाई यो भनियो, "तिमीले धेरै मानिसहरू, जातिहरू, भाषाहरू र राजाहरूका विषयमा फेरि अगमवाणी बोल्नुपर्नेछ।" परमेश्वरको वचन खानुको अर्थ परमेश्वरले दिनुभएको सन्देशलाई ग्रहण गर्नु हो भनेर बाइबलले बताउँदछ। फेरि परमेश्वरका वचनहरू ग्रहण गरेर वा जानेर आफूभित्र लुकाइ राख्ने होइन न त

कुनै कुटीमा बसेर अरूले सुन्न आओस् भनेर पर्खेर बस्नु हो तर अरूलाई सुनाउनु हो (यस सन्दर्भमा देहायका केही पदहरू हेर्नुहोस् "१ उहाँले मलाई भन्नुभयो, “हे मानिसको छोरो, खड़ा हो, र म तिमीसित कुरा गर्नेछु।” २ जब उहाँ मसित बोल्नुभयो, तब उहाँका आत्मा मकहाँ आएर मलाई उभ्याउनुभयो। अनि उहाँले मसित कुरा गर्नुभएको मैले सुनें। ३ उहाँले भन्नुभयो, “हे मानिसको छोरो, म तिमीलाई इस्राएली जातिकहाँ पठाउँदैछु, एउटा बागी जातिकहाँ, जो मेरो विरुद्धमा बागी भएको छ। तिनीहरू र तिनीहरूका पिता-पुर्खाहरू पनि आजको दिनसम्मै मेरो विरुद्धमा बागी भएका छन्। ४ ती मानिसहरू, जसकहाँ म तिमीलाई पठाउँदैछु, तिनीहरू निर्लज्ज र अटेरी भएका छन्। तिमीले तिनीहरूलाई भन, ‘परमप्रभु परमेश्‍वर यसो भन्नुहुन्छ’। ५ अनि तिनीहरूले सुनून् अथवा सुन्नलाई अस्वीकार गरून्– किनकि तिनीहरू बागी घरानाका हुन्– तिनीहरूले आफ्ना बीचमा एक जना अगमवक्ता त रहेछन् भन्ने कुरा जान्नेछन्। ६ अनि तिमीचाहिँ हे मानिसको छोरो, तिनीहरूदेखि अथवा तिनीहरूका कुरादेखि नडराऊ। तिम्रा चारैतिर सिउँडी र काँढ़ा भए, अथवा तिमी बिच्छीहरूका बीचमा बसे तापनि तिमी नडराऊ। तिनीहरूले जे भने पनि नडराऊ, अथवा तिनीहरूदेखि भयभीत नहो, यद्यपि तिनीहरू त बागी सन्तान हुन्। ७ तिमीले तिनीहरूसित मेरो वचन बोल्, चाहे तिनीहरूले सुनून् चाहे नसुनून् किनभने तिनीहरू बागी हुन्। ८ तर तिमीलेचाहिँ, हे मानिसको छोरो, म तिमीलाई जे भन्छु, त्यो कुरा ध्यानसित सुन्। त्यो बागी घरानाझैं तिमी बागी नहो। तिम्रो मुख खोल्, र म जे दिन्छु, त्यो खाऊ।” ९ तब मैले हेरें, र एउटा हात मतिर पसारेको मैले देखें। त्यसमा एउटा मुट्ठो थियो, १० जो उहाँले मेरै सामु खोलेर फिंजाइदिनुभयो। त्यसका अगाड़ि र पछाड़ि दुवैतिर शोक र विलाप र विपत्तिका कुरा लेखिएका थिए।"इजकिएल २, "४ तब उहाँले मलाई भन्नुभयो, “हे मानिसको छोरो, इस्राएलको घरानाकहाँ जाऊ, र तिनीहरूलाई मेरो कुरा भन। ५ तिमी कुनै अनौठो बोली र कठिन भाषा बोल्ने मानिसहरूकहाँ पठाइएको छैनौ, तर इस्राएलको घरानाकहाँ– ६ अनौठो बोली र कठिन भाषा बोल्ने मानिसहरूकहाँ होइन, जसको भाषा तिमीले बुझ्दैनौ। यदि मैले तिमीलाई त्यस्ताहरूकहाँ पठाएको भए, उनीहरूले निश्चय नै तिम्रा कुरा सुन्नेथिए। ७ तर इस्राएलका घरानाले त तिम्रो कुरा सुन्न चाहँदैनन्, किनभने मेरो कुरा सुन्न तिनीहरू इच्छा गर्दैनन्, किनकि इस्राएलका सारा घराना नै अटेरी र कठोर हृदयका छन्। ८ तर म तिनीहरूजस्तै तिमीलाई जिद्दीवाल र

हठी तुल्याउनेछु। ९ म तिम्रो निधार चकमकभन्दा कड़ा पत्थरतुल्य पारिदिनेछु। तिनीहरू बागी घराना भए तापनि तिनीहरूदेखि नडराऊ, न त तिनीहरूको अनुहार देखेर भयभीत हो।" १० अनि उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, मैले तिमीलाई भनेका सबै कुरा होसियारसित सुन् र मनमा राख्। ११ ती तिम्रा निर्वासित मानिसहरूकहाँ अब जाऊ, र चाहे तिनीहरूले ध्यानसित सुनून् चाहे नसुनून्, तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ'।" १२ तब आत्माले मलाई माथि उठाउनुभयो, र मैले मेरो पछिल्तिर एउटा गुड़गुड़ गरेको आवाज सुनें– परमप्रभुको महिमा आफ्नो वासस्थानमा प्रशंसा होस्– १३ त्यो आवाज ती जीवित जीवातहरूका पखेटाले एउटाले अर्कालाई छुँदा निस्केको र तिनीहरूका छेउका ती पाङ्ग्राहरूको आवाज थियो, एउटा भुइँचालोको गुड़गुड़ आवाज। १४ तब आत्माले मलाई उठाएर लानुभयो, र तीतो मन भएर आफ्नो आत्माको क्रोधमा म गएँ, र परमप्रभुको बलिष्ठ बाहुली ममाथि थियो। १५ तब म कबार नदीको नजिक बस्ने ती देशनिकालाहरूकहाँ तेल-अबीबमा आएँ। अनि सात दिनसम्म तिनीहरू बसेको ठाउँमा म अवाक् भएर बसिरहें।" इजकिएल ३:४-१५ र "जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर" यर्मिया १५:१६)।जब परमेश्वरको वचन ग्रहण गर्दछ तब त्यो त शुभसमाचार हुन्छ। तर जब सुसमाचारलाई घोषणा गरिन्छ तब आफूले ग्रहण गरेको सुसमाचार कतिपय समयमा तीतो हुन्छ किनभने कतिपय मानिसहरूले त्यसलाई ग्रहण गर्न चाहँदैनन् र सुन्न पनि चाहँदैनन्।

यूहन्नाले के मुठ्ठा खाए त? त्यो थियो दानिएलको पुस्तक। त्यो खाँदा उनलाई धैरै तीतो भयो। दानिएललाई आफ्नो भविष्यवाणीको विवरणलाई युगको अन्तसम्मको निम्ति लालमोहर लगाइएको थियो (दानिएल १२:४) तर यूहन्नाले त्यो खोलेको पाएका थिए। यहाँ यूहन्नालाई युगको अन्तमा हुने बचेखुचेको वा रेमनेन्ट चर्चलाई प्रतिनिधित्व गरेका थिए र उसलाई सुसमाचारलाई घोषणा गर्न अऱ्हाइएको थियो (प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका

मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर")। यो सन्देश दानिएललाई दिइएको भविष्यवाणी थियो (दानिएल ७:२५ "उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्"।) जुन् दानिएलको समयको अन्तमा दिइएको थियो। त्यो भविष्यवाणी १,२६० दिन वा वर्षको बारेमा थियो।

त्यसमा उल्लेख गरिएको विषयबस्तुमा २,३०० वर्षको भविष्यवाणीको अन्तमा भएको यूहन्नाको दर्शनले उनलाई अर्को तीतो अनुभव भएको देखाइएको थियो। दानिएलको भविष्यवाणी अध्ययन गर्ने क्रममा विलियम मिलर र उनका अनुयायीहरूले येशू सन १८४४मा फर्कनुहुनेछ भनेर ठानेका थिए। त्यो सुनेर त्यसबेलाका इसाईहरू अर्थात् जसले उनको सन्देशलाई पत्याए तब तिनीहरूले अत्यन्त मिठो स्वादको अनुभव गरेका थिए। तर तिनीहरूले अपेक्षा गरे अनुसार येशू नफर्किनुहुँदा तिनीहरूको निम्ति त्यो अत्यन्त निराशमय र तीतो अनुभव भएको थियो। आफूले गरेको विश्वासमा कहाँ असफल भइयो भनेर तिनीहरूले अझ स्पष्ट बुझ्ने गरी बाइबलमा येशूको आगमनको बारेमा खोज्न थालेका थिए।

संसारमा फेरि भविष्यवाणी गर भनेर यूहन्नालाई अऱ्हाइएको कार्यले ती मानिसहरूलाई औँल्याइएको थियो जो साबथलाई पालन गर्ने एडभेन्टिस्टहरू थिए। दानिएल र प्रकाशमा भएको येशूको दोस्रो आगमनको भविष्यवाणीको रहस्य तिनीहरूद्वारा खोलाइएको थियो।

**प्रकाश ११:१,२मा यूहन्नालाई के गर्न अऱ्हाइएको थियो? हेर्नुहोस् "१ त्यसपछि नाप्ने टाँगोजस्तै एउटा निगालो मलाई दिइयो, र यसो भनियो, "उठ, र परमेश्वरको मन्दिर र वेदीको नाप लेऊ, र त्यहाँ आराधना गर्नेहरूको गन्ती लेऊ। २ तर मन्दिरबाहिर रहेका आगनलाई चाहिँ छोड र ननाप, किनकि त्योचाहिँ जाति-जातिहरूलाई दिइएको छ, र बयालीस महिनासम्म पवित्र सहरलाई तिनीहरूले कुल्चीमिल्ची गर्नेछन्।"**

यो अंश प्रकाश १०को दृश्यको निरन्तरता हो। मन्दिरलाई नाप्न यूहन्नालाई आदेश दिइएको थियो। त्यहाँ भएको मन्दिर, बेदी र आराधना गर्नेहरूलाई नाप्नु भनेको थियो। बाइबलमा नाप्नुको अवधारणा न्याय गर्नु भनेर चित्रण गरिएको छ (१ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। २ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ,

त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ" मत्ती ७:२)। स्वर्गमा भएको मन्दिर नाप्न अन्हाइएको थियो जहाँ हाम्रो लागि येशूले सेवाकार्य गरिरहनुभएकोछ। मन्दिर, बेदी र आराधना गर्नेहरूले पश्चातापको दिनलाई औंल्याउँछ (हेर्नुहोस् लेबी १६:१६-१९ "१६ यसरी इस्राएलीहरूका अशुद्धी, अपराध र तिनीहरूका जम्मै पापको कारणले महा-पवित्रस्थानका निम्ति त्यसले प्रायश्चित गरोस्। तिनीहरूका अशुद्धिको बीचमा भएको भेट हुने पालको निम्ति पनि त्यसले त्यसै गरोस्। १७ जब हारून प्रायश्चित गर्नलाई महा-पवित्रस्थानमा पस्छ, त्यसले आफ्नो निम्ति, आफ्नो घरानाको निम्ति र इस्राएलको जम्मै समुदायको निम्ति प्रायश्चित गरेर नफर्कुञ्जेल भेट हुने पालमा कुनै मानिस पनि नरहोस्। १८ "तब त्यसले बाहिर वेदीमा गएर परमप्रभुको सामुन्ने त्यसको निम्ति प्रायश्चित गरोस्। अनि साँढ़े र बोकाको रगतबाट केही लिएर वेदीका चारैतिरका सिङहरूमा लगाओस्। १९ रगतबाट आफ्नो औंलाले सात पल्ट त्यसमाथि छर्केर इस्राएलीहरूको अशुद्धीबाट वेदीलाई शुद्ध र पवित्र गरोस्")। परमेश्वरले आफ्ना जनहरूको न्याय गर्ने भएकोले यो दिन नाप्ने वा न्यायको दिन थियो। यसरी प्रकाश ११:१मा उल्लेख गरिएको न्याय त्यो न्याय थियो जुन येशूको दोस्रो आगमन भन्दा पहिले हुँदछ। यो न्याय संसारका विश्व मानवलाई छोडेर परमेश्वरका जनहरूको निम्तिमात्र न्याय थियो जो मन्दिरमा परमेश्वरको आराधना गर्दथे। प्रकाश ११:१ले यो बताउँदछ कि स्वर्गमा रहेको पवित्र मन्दिरको बारेमा सन्देश अन्तिमसमयमा सुसमाचार प्रचारको केन्द्रविन्दु वा मुटु हुनेछ भनेर देखाउँदछ। त्यसले परमेश्वरको चरित्रलाई खुलाउँदछ। शैतान गलत र उहाँ ठिक भनेर सारा जगतले देख्नेछन्। यो सन्देशले सुसमाचारको सम्पूर्ण पक्षहरूलाई ओगट्दछ। हाम्रो निम्ति क्रुसमा उहाँको बलिदान र उहाँको धार्मिकतामात्र मानव जातिको मुक्तिको बाटो हो भनेर प्रकाश ११:१को दृश्यले देखाउँदछ।

प्रायश्चितको दिनमा गरिने सम्पूर्ण बलिबिधिहरूमा रगत समावेश भएको हुन्छ। हेर्नुहोस् लेबी १६ "१ हारूनका दुई छोराहरू परमप्रभुको नजिक गएर मरेपछि परमप्रभुले मोशासित कुरा गर्नुभयो। २ परमप्रभुले मोशालाई भन्नुभयो, "तिम्रो दाजु हारूनलाई सन्दूकमाथि भएको कृपा-आसनको सामुन्ने पर्दाभित्र महा-पवित्रस्थानमा मनपरी नआओस् भन्नु। नत्रता त्यो मर्ला, किनभने म कृपा-आसनमाथि बादलमा देखा पर्छु। ३ "हारून पवित्रस्थानमा

यसरी बस्नुपर्छः त्यो पापबलिको निम्ति एउटा साँढ़े र होमबलिको निम्ति एउटा
भेड़ा लिएर आओस्। ४ सूती कपड़ाको पवित्र लबेदा, सूती कपड़ाको भित्री
वस्त्र, सूती कपड़ाको पटुका, र सूती कपड़ाको फेटा पहिरेर आओस्। ती पवित्र
लुगा हुन्। यसकारण त्यसले पानीमा नुहाएर मात्र ती लगाओस्। ५ त्यसले
इस्राएलीहरूको समुदायबाट पापबलिको निम्ति दुई वटा बोका र होमबलिको
निम्ति एउटा भेड़ा ल्याओस्। ६ "त्यसपछि हारूनले आफ्नो पापबलिको निम्ति
साँढ़े चढ़ाओस्, र आफ्नो र आफ्नो घरानाको निम्ति प्रायश्चित गरोस्। ७ तब
त्यसले ती दुवै बोकाहरू लिएर भेट हुने पालको ढोकामा परमप्रभुको सामु
राखिदिओस्। ८ त्यसपछि हारूनले दुवै बोकामा चिट्ठा हालोस्, एउटा
परमप्रभुको निम्ति र अर्कोचाहिँ छाड़ा छोडिने बोकाको निम्ति। ९ चिट्ठामा
परमप्रभुको भागमा परेको बोकाचाहिँ हारूनले नजिक ल्याएर पापबलिको निम्ति
त्यो चढ़ाओस्। १० तर चिट्ठामा छाड़ा छोड्ने बोकाको भागमा परेको
बोकाचाहिँ जिउँदै परमप्रभुको सामुन्ने ल्याइओस्, र त्यसपछि त्यो प्रायश्चित
गर्नलाई छाड़ा हुन उजाड़-स्थानमा पठाइओस्। ११ "हारूनले आफ्नो
पापबलिको साँढ़े ल्याओस्, अनि आफ्नो र आफ्नो घरानाको निम्ति प्रायश्चित
गरोस्। त्यसले आफ्नो पापबलिको निम्ति साँढ़े मारोस्। १२ त्यसले
परमप्रभुको सामुन्नेको वेदीबाट आगोका फिलिङ्गाहरूले भरिएको धुपौरो र
मसिनो गरी कुटेको सुगन्धित धूप मुट्ठीभरि लिएर पर्दाभित्र ल्याओस्। १३
त्यसले परमप्रभुको सामुन्नेको आगोमा धूप हालोस्, र धूपको धूवाँले गवाहीको
सन्दूकमाथि भएको कृपा-आसनलाई छोपोस्, नत्रता त्यो मर्नेछ। १४ त्यसपछि
त्यसले साँढ़ेको रगतबाट केही लिएर आफ्नो औंलाले कृपा-आसनमाथि छर्कोस्,
अनि कृपा-आसनको सामुन्ने आफ्नो औंलाले त्यो रगत सात पल्ट छर्कोस्।
१५ "तब त्यसले मानिसहरूका निम्ति पापबलिको बोका मारोस्, र त्यसको
रगत पर्दाभित्र ल्याएर साँढ़ेको रगतजस्तै कृपा-आसनमाथि र कृपा-आसनको
सामुन्ने छर्कोस्। १६ यसरी इस्राएलीहरूका अशुद्धि, अपराध र तिनीहरूका
जम्मै पापको कारणले महा-पवित्रस्थानका निम्ति त्यसले प्रायश्चित गरोस्।
तिनीहरूका अशुद्धिको बीचमा भएको भेट हुने पालको निम्ति पनि त्यसले त्यसै
गरोस्। १७ जब हारून प्रायश्चित गर्नलाई महा-पवित्रस्थानमा पस्छ, त्यसले
आफ्नो निम्ति, आफ्नो घरानाको निम्ति र इस्राएलको जम्मै समुदायको निम्ति
प्रायश्चित गरेर नफर्कुञ्जेल भेट हुने पालमा कुनै मानिस पनि नरहोस्। १८
"तब त्यसले बाहिर वेदीमा गएर परमप्रभुको सामुन्ने त्यसको निम्ति प्रायश्चित

गरोस्। अनि साँढ़े र बोकाको रगतबाट केही लिएर वेदीका चारैतिरका
सिङहरूमा लगाओस्। १९ रगतबाट आफ्नो औँलाले सात पल्ट त्यसमाथि
छर्केर इस्राएलीहरूको अशुद्धिबाट वेदीलाई शुद्ध र पवित्र गरोस्। २० "जब
हारूनले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरिसकेको
छ, तब त्यसले जिउँदो बोकाचाहिँ ल्याओस्। २१ अनि हारूनले आफ्ना दुवै
हात जिउँदो बोकाको टाउकोमा राखोस्, र इस्राएलीहरूका सारा अधर्म, अपराध
र पाप स्वीकार गरेर बोकाको टाउकोमाथि राखिदिओस्। त्यसले ती पापहरू
बोकाको टाउकोमा राखेर त्यसलाई अघिबाट खटाइराखेको मानिसको साथ
उजाड़-स्थानमा पठाइदिओस्। २२ यसरी त्यस बोकाले तिनीहरूका सारा
अधर्म एकलास ठाउँमा बोकेर लैजाओस्, र त्यस मानिसले त्यस बोकालाई
उजाड़-स्थानमा छोड़िदिओस्। २३ त्यसपछि हारून भेट हुने पालमा गएर
महा-पवित्रस्थानमा जाँदा त्यसले लाएका सूती लुगाहरू फुकालेर त्यहीं
छोड़ोस्। २४ त्यसले आफ्नो शरीर कहीं चोखो ठाउँमा पानीमा नुहाओस्, र
आफ्ना निज लुगाहरू लाएर आओस्। अनि आफ्नै लागि र मानिसहरूका लागि
होमबलि चढ़ाईकन प्रायश्चित गरोस्। २५ पापबलिको बोसो पनि त्यसले
वेदीमा जलाओस्। २६ "छाड़ा हुने बोकालाई छोड्न जानेले आफ्ना लुगा
धोएर आफ्नो शरीर नुहाओस्, र त्यसपछि त्यो छाउनीमा आओस्। २७
रगतद्वारा प्रायश्चित गर्नलाई महापवित्रस्थानमा ल्याइएका पापबलिका साँढ़े र
बोका दुवैलाई छाउनीदेखि बाहिर लगेर तिनीहरूका छाला, मासु र गोबर
आगोमा जलाइदिनू। २८ ती जलाउनेले आफ्नो लुगा धोएर आफ्नो शरीर
नुहाओस्, र त्यसपछि त्यो छाउनीमा आओस्। २९ "तिमीहरूका निम्ति यो
अनन्तको विधि होस्। सातौं महिनाको दशौं दिनमा तिमीहरूले आफू-आफूलाई
इन्कार गर्नू*। चाहे घरमा जन्मेको होस्, चाहे तिमीहरूका बीचमा वास गर्ने
परदेशी होस्, कसैले पनि कुनै किसिमको काम नगर्नू, ३० किनभने त्यसै दिन
तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ। तब
परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ। ३१ यो तिमीहरूका
निम्ति विश्रामको शबाथ हो। तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। यो
सदाको लागि एउटा आदेश हो। ३२ अभिषेक भएको र बाबुचाहिँको सट्टामा
प्रधान पूजाहारी हुनलाई जो नियुक्त भएको छ, त्यसैले प्रायश्चित गरोस्, र
त्यसले पवित्र सूती लुगाहरू लगाओस्। ३३ त्यसले महा-पवित्रस्थान, भेट हुने
पाल र वेदीको निम्ति प्रायश्चित गरोस्। अनि त्यसले पूजाहारीहरू र

समुदायका सबै मानिसहरूका निम्ति पनि प्रायश्चित गरोस्। ३४ "यो तिनीहरूका निम्ति अनन्तको विधि होस्ः वर्षको एक पल्ट इस्राएलीहरूका सारा पापका निम्ति प्रायश्चित गरिओस्।" अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं त्यसरी नै गरियो।"

**प्रायश्चितको दिनको रीतिमा रगतको भूमिका मुख्य हुन्छ। प्रभु येशूले आफ्नो हाम्रो निम्ति आफ्नो रगत बगाउनुभएको परिप्रेक्ष्यमा हाम्रो निम्ति न्यायको समयको वास्तविकता जहिले पनि खुशीको खबर किन हुनुपर्छ? यो सत्य आत्मज्ञान किन महत्त्वपूर्ण छ?**

## ५. दुई साक्षीहरू

**प्रकाश ११ः३६मा दुई जना साक्षीहरूको बारेमा उल्लेख गरिएको छ। आफ्नो राजकीय र पुजारी पोशाकमा उभिएका यरुबाबेल र यहोशूले ती साक्षीहरूलाई प्रतिविम्वित गर्दछन्? हेर्नुहोस् जकरिया ४ः२,३,१११४समेतः "३ मेरा दुई साक्षीहरूलाई एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म दिनेछु।" ४ पृथ्वीका प्रभुको सामुन्ने खड़ा रहेका जैतूनका दुई रूखहरू र दुई सामदानहरू यी नै हुन्। ५ यदि कुनै मानिसले तिनीहरूलाई हानि गर्ने इच्छा गर्‍यो भने, तिनीहरूका मुखबाट निस्केको आगोले तिनीहरूका शत्रुहरूलाई नाश पार्नेछ। कुनै मानिसले तिनीहरूलाई हानि गर्ने इच्छा गर्‍यो भने त्यो त्यही किसिमले मारिनेछ। ६ तिनीहरूले अगमवाणी बोलेका दिनहरूमा पानी नपरोस् भनी आकाश बन्द गर्ने तिनीहरूसित शक्ति छ, र पानीहरूलाई रगत तुल्याउने र तिनीहरूलाई इच्छा लागेको बेलामा पृथ्वीमा हरकिसिमका विपत्ति ल्याउने तिनीहरूसित शक्ति छ।"** प्रकाश ११ः३-६, "१ जसरी कोही मानिसलाई निद्राबाट जगाइन्छ तब मसित कुरा गर्ने ती स्वर्गदूतले आएर मलाई त्यसरी जगाए। २ तिनले मलाई सोधे, "तिमी के देख्छौ?" मैले जवाफ दिएँ, "जम्मै सुनको एउटा सामदान म देख्तछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि सात वटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सात वटा नली गाँसिएका छन्। ३ त्यसको छेउमा दुई वटा जैतूनका रूखहरू, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्। ४ तब मसित कुरा गर्ने ती स्वर्गदूतलाई मैले सोधें, "हे मेरा प्रभु, यी के हुन्?" ५ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले जवाफ दिएँ, "अँहँ, जान्दिनँ मेरा प्रभु।" ६ यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः 'न त

बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ। ७ "ए शक्तिशाली पर्वत, तँ के होस् र? यरुबाबेलको सामुन्ने तँ मैदान हुनेछस्। अनि उहाँले शिर-ढुङ्गालाई 'परमेश्वरले यसलाई आशिष् दिऊन्!' भन्ने जयजयकारका साथ निकाल्नु हुनेछ'।" ८ तब परमप्रभुको यो वचन मकहाँ आयो:९ "यस मन्दिरको जग यरुबाबेलका हातले बसालेका छन्, त्यसैका हातले त्यो सिद्ध्याउनेछन्। तब तिमीले जान्नेछौ कि सर्वशक्तिमान् परमप्रभुले मलाई पठाउनुभएको हो।१० "साना कुराहरूको दिनलाई कसले तुच्छ ठान्छ? यरुबाबेलको हातमा तिनीहरूले साहुल देख्दा मानिसहरू रमाउनेछन्। "(यी सात वटा बत्तीचाहिँ परमप्रभुका आँखा हुन्, जसले सारा पृथ्वीमा यताउता हेरिरहन्छन्।)" ११ तब मैले स्वर्गदूतलाई सोधें, "यस सामदानको दाहिने र देब्रेपट्टि भएका यी दुई जैतूनका रूखहरूचाहिँ के हुन्?" १२ फेरि मैले तिनलाई सोधें, "यी दुई जैतूनका हाँगा के हुन्, जो ती दुई सुनका नलीहरूका छेउमा छन् र जसद्वारा सुनको तेल खनिन्छ?" १३ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले भनें, "अँहँ, म जान्दिनँ, मेरा प्रभु।" १४ तब तिनले भने, "यी दुईचाहिँ सारा पृथ्वीका परमप्रभुको सेवा गर्न अभिषेक भएकाहरू हुन्।" जकरिया ४:१-१४।

दुई साक्षीहरूको अवधारणा यहूदी कानुनी प्रणालीबाट आएको हो। कुनै पनि कुरा सही छ वा छैन भनेर अनुमोदन गर्न दुई जना साक्षीहरूको वयानको आवश्यकता छ (१४ येशूले जवाफ दिनुभयो, "म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ। म जान्दछु, म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु। तर तिमीहरू जान्दैनौ, म कहाँबाट आउँछु, वा कहाँ गइरहेछु।१५ तिमीहरू मानव दृष्टिले न्याय गर्दछौ। म कसैको न्याय गर्दिनँ।१६ मैले न्याय गरें भने पनि, मेरो न्याय सत्य ठहरिन्छ। किनभने न्याय गर्ने म एकलै छैनँ, तर म छु, र मलाई पठाउनुहुने पिता हुनुहुन्छ। १७ तिमीहरूको व्यवस्थामा पनि दुई मानिसको गवाही सत्य ठहरिन्छ भनी लेखिएको छ।१८ आफ्नो विषयमा म आफै गवाही दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ" यूहन्ना ८:१४-१८)।

दुई साक्षीले बाइबलमा पुरानो र नयाँ करारलाई जनाउँछ। ती दुईलाई अलग राख्न सकिँदैन। यस संसारमा परमेश्वरका जनहरूलाई बाइबलको सम्पूर्ण सन्देशहरूलाई घोषणा गर्न बोलाइएको हो"किनभने

परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ।" (प्रेरित २०:२७)।

दुई जना साक्षीहरू भाङ्ग्राको लुगा लगाएर भविष्यवाणी गर्दै थिए। त्यो भविष्यवाणी १,२६० दिन वा वर्षको अवधिमा गरेका थिए (त्यो अवधि सन् ५३८१७९८ थियो)। भाङ्ग्राको लुगा लगाउनुको अर्थ बिलौनाको प्रतीक हो ("२९ जब रूबेन खाल्डोमा फर्के तब योसेफलाई त्यस खाल्डोमा नदेख्दा उनले आफ्ना लुगा च्याते, ३० र भाइहरूकहाँ गएर भने, "केटो त छैन त? अब म कहाँ जाऊँ?" ३१ तब उनीहरूले एउटा बोका मारेर योसेफको लबेदा त्यस रगतमा चोपे। ३२ अनि त्यो राम्रा बुट्टाहरू भएको लबेदा उनीहरूले आफ्ना बाबुकहाँ ल्याएर भने, "यो हामीले भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको हो कि होइन?" ३३ इस्राएलले त्यो लुगा चिनेर भने, "यो त मेरो छोराकै लबेदा हो। जङ्गली पशुले त्यसलाई खाएछ क्यारे! निस्सन्देह योसेफलाई धुजाधुजा पार्‍यो होला।" ३४ तब याकूबले आफ्ना लुगा च्याते, र तिनले आफ्नो कम्मरमा भाङ्ग्रा लाएर आफ्ना छोराको निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका सबै छोराछोरीहरूले तिनलाई सान्त्वना दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन। तिनले भने, "अहँ, यो मेरो शोकमा नै म मेरो छोराकहाँ चिहानमा* जानेछु।" यसरी योसेफका बाबुले तिनको निम्ति बिलौना गरे" (उत्पत्ति ३७:२९-३५)। यो त्योसमय थियो जब बाइबलका सत्यहरूलाई मानिसहरूको परम्परा र आआफ्नै दर्शनहरूले गर्दा छोपेका थिए र गाडेका थिए।

**प्रकाश ११:७१३ पढेर आफ्नै लवजमा भविष्यवाणीको १,२६० दिन वा वर्षको अन्तमा ती दुई साक्षीहरूलाई के भयो सो सोच्नुहोस्। "७ तिनीहरूले आफ्नो गवाहीको काम सिध्याइसकेपछि अतल कुण्डबाट निस्किआउने त्यस पशुले तिनीहरूसँग लड़ाइँ गरी तिनीहरूलाई जितेर मार्नेछ। ८ तिनीहरूका लाशहरू त्यस ठूलो सहरको सड़कमा पड़िरहनेछन्, जुन सहरलाई दृष्टान्तको रूपमा सदोम र मिश्र भनिन्छ, जहाँ तिनीहरूका प्रभु क्रूसमा टाँगिनुभएको थियो। ९ साढ़े तीन दिनसम्म तिनका लाशहरूलाई मानिसहरू, कुलहरू, भाषाहरू र जाति-जातिका मानिसहरूले हेर्नेछन् र ती लाशहरू गाड्न दिनेछैनन्। १० पृथ्वीमा रहनेहरू तिनीहरूका मृत्युमा रमाउनेछन्, आनन्द मनाउनेछन् र आपसमा उपहार लिने-दिने गर्नेछन्। किनभने ती दुई अगमवक्ताहरूले पृथ्वीमा रहनेहरूलाई सास्ती दिएका थिए। ११ साढ़े तीन दिनपछि परमेश्वरबाट आएको**

**जीवनको सास तिनीहरूभित्र पस्यो, र तिनीहरू आफ्ना गोडामा खड़ा भए, अनि तिनीहरूलाई देख्नेहरूमाथि ठूलो डर छायो। १२ अनि तिनीहरूले स्वर्गबाट यस्तो एउटा ठूलो आवाज सुने, "यता माथि आओ।" र तिनीहरूका शत्रुहरूले हेर्दाहेर्दै तिनीहरू बादलमा स्वर्गतिर गए। १३ त्यही घड़ी ठूलो भूकम्प गयो, र सहरको दशौं भाग ढल्यो, र भूकम्पमा सात हजार मानिसहरू मारिए। अरू बाँचेकाहरू डराए र स्वर्गका परमेश्वरलाई महिमा दिए।"**

शैतानकै पोल्टोबाट पशु निस्केर ती दुई साक्षीहरूलाई मार्दछ। साक्षीहरूलाई मार्नुको अर्थ ऐतिहासिक परिवेशमा ती नास्तिक धारणा वा दर्शनहरू हुन् जसले बाइबललाई आक्रमण गरेका थिए र फ्रान्समा गरिएको राजबिद्रोहमा राजा लुइसलाई मारेर त्यसको सिलसिलामा जनताले धर्ममान्ने (इसाई) अधिकारलाई समाप्त गरिएको थियो। फ्रान्सले अव धर्म नमान्ने प्रणालीलाई स्थापना गर्दा त्यस देशमा नैतिकता खस्किएको थियो। परमेश्वरलाई नमान्ने मीश्र वा इजिप्ट देशको अहंकारिता तिनीहरूमा चढेको थियो, सदोमको जस्तो नैतिक पतन भएको थियो भने यरुशलेमका मानिसहरूले परमेश्वरको विद्रोह गरे जस्तै त्यस देशले गरेको थियो जसको प्रभाव अरू देशहरूमा पनि फैलिएको थियो।

दुई साक्षीहरूको पुनरुत्थानले इतिहासको त्यो पक्षलाई जनाउँछ जब बाइबलप्रति चासो राख्दै ठूलो पुनर्जागरण भएको थियो। प्रान्सको जनक्रान्तिपछि येशूको दोस्रो आगमनको चर्चाको उदय भयो। त्यसको साथै विश्वमा बाइबलको सत्यको पुनर्स्थापना भयो, विभिन्न बाइबल सोसाइटीहरू अर्थात् बाइबल छाप्ने निकायहरूको स्थापना भयो र विश्वभरी नै बाइबल वितरण गर्न थालियो।

संसारको अन्त्य हुनुभन्दा अगाडि बाइबलको अन्तिम सन्देश घोषणा गरिएको संसारले देख्नेछ। त्यो हो प्रकाश १८:१५ " १ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली सोरले कराए: "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।"४ तब मैले स्वर्गबाट यसो

भनिरहेको अर्को आवाज सुनें: “हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ, ५ किनकि त्यसका पापहरू स्वर्गसम्मै थुप्रो लागेका छन्, र परमेश्वरले त्यसका अधर्महरू सम्झनुभएको छ।" यो अन्तिम घोषणाले परमेश्वरको विद्रोहीको बीचमा ठूलो खलबल ल्याउनेछ र उहाँका जनहरूको प्रतिकार गर्नेछ। मानिसहरूलाई परमेश्वरबाट मन फर्काउन अनेकौं आश्चर्य कामहरू गरेर, दुष्ट आत्माहरूले विभिन्न चर्तिकला देखाएर संसारलाई धोका दिनेछन् र पशुरूपी शैतानलाई पूजा गर्न मानिसहरूलाई आकर्षित गर्नेछन् र अन्तमा आएर परमेश्वरका आस्थावान तथा निष्ठावान साक्षीहरूको विरुद्धमा परमेश्वरविरोधी निकायहरूले अन्तिम युद्ध गर्नेछ (“१३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें।१४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ “हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।” १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ। १७ अनि सातौं स्वर्गदूतले आफ्नो कचौरो हावामा खन्याए, र मन्दिरको सिंहासनबाट यसो भन्ने एउटा चर्को आवाज निस्क्यो, “अब सिद्धियो।” १८ तब बिजुली चम्के, आवाजहरू र मेघ गर्जनहरू भए, र भयानक भूकम्प गयो, यति भयानक भूकम्प कि पृथ्वीमा मानिसहरूको उत्पत्ति भएदेखि यसो कहिल्यै गएको थिएन।"प्रकाश १६:१३-१८ र " १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ १३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, “यो लेख: अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।” आत्मा भन्नुहुन्छ, “हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।” प्रकाश १४:१२-१३)।

**उपसंहार:**

सातौं तुरहीले (प्रकाश ११:१५-१८) यस पृथ्वीको इतिहासलाई निष्कर्षमा पुऱ्याउने सङ्केत गर्दछ। परमेश्वरले आफ्नो शक्ति, सार्वभौमसत्ता र

शासन गर्ने अधिकारलाई प्रकट समय आइपुगेको छ। हजारौं वर्षसम्म शैतानको तैनाथमा बिद्रोही भएको यस पृथ्वी ग्रह अब परमेश्वरकै हातमा शासन गर्न र उहाँकै मातहतमा चल्न लागेको छ। जब येशू क्रुसमा चढिनुभयो र स्वर्गमा जानुभयो तब उहाँ नै यस पृथ्वीलाई राज गर्ने आधिकारिक व्यक्ति हुनु भएको छ भनेर घोषणा गरिएको थियो ( "१० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ" प्रकाश १२:१०-१२)। आफ्नो समय थोरै छ भनेर थाहा पाएर शैतानले सकेसम्म विध्वंस मचाउने कामलाई निरन्तरता दिन खोजिरहेको हामी पाउँछौं। विद्रोही शक्तिलाई आफ्नो ठाउँमा राखियो भनेर सातौं तुरहीले फुक्दछ साथै यस संसारको आधिकारिक शासक येशूको हातमा अन्तमा शासन गर्ने समय आइपुगेको छ भनेर घोषणा गरिएको छ। प्रकाशको पुस्तकको बाँकी अंशलाई सातौं तुरहीले देखाएको सारांशले प्रस्तुत गर्दछः (१) विश्वका सबै देशहरू रिसले चुर भएका थिएःप्रकाश १२-१४मा शैतानको दिमाग प्रचण्ड क्रोधले भरिएको थियो (दुर्भाग्यवस प्रकाश १२:१७मा हुनुपर्ने पदः त्यो सर्प स्त्रीसित क्रोधित भयो भन्ने वाक्यलाई अर्कै राखेर पद १८ पनि थपिएको कुनै कुनै नेपाली बाइबलमा यस अनुवादकले भेट्टाएको छ)। शैतान समुद्रबाट निस्किएको पशूसँग र पृथ्वीको पशुसँग एकमत भएर सारा संसारको राष्ट्रहरूलाई परमेश्वरका जनहरूसँग युद्ध गर्न तयार हुन्छ। (२) परमेश्वरको क्रोधको बेला आएको छः विश्वका राष्ट्रहरूले परमेश्वरमाथि रिस उठाएकोले त्यसको जवाफमा सात महामारी उहाँले पठाउनुहुन्छ जुन् प्रकाश १५:१मा उहाँको प्रचण्ड क्रोधको संज्ञा दिएको छ ("मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखेंः सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ")। (३) अब मरेकाहरूको न्याय गर्न समय आएको प्रकाश २०:११-१५ले यसरी बताउँछ "११ तब मैले

एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। १२ मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक थियो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो। १४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।"
(४) अनि प्रकाश २१ र २२ अध्यायमा परमेश्वरप्रति निष्ठावान र आस्थावान भएर सबै कष्ट सहेर बसेकाहरूको निम्ति इनाम तोकिएको छ। (५) जसले यस संसारलाई नाश गर्छ त्यसलाई पनि नाश गरिनेछः प्रकाश १९:२ अन्तमा बेबिलोनको न्याय भएको छ किनभने उसले यस पृथ्वीलाई अनेकौं दुष्कर्महरूद्वारा नाश गरेको थियो। बेबिलोन त्यो तत्व हो जसले अनेकौं दर्शन वा क्रियाकलापद्वारा मानिसहरूलाई परमेश्वरबाट टाढा राख्छ र परमेश्वरको नजिक हुनेहरूलाई ध्वस्त पार्न खोज्छ। जब शैतान, उसका सम्पूर्ण मतियारहरू वा पतित स्वर्गदूतहरू र उससँग मिल्ने राष्ट्रहरूको अन्त हुन्छ तब येशू र शैतानको बीचमा भइरहेको महान् विवादको अन्त्य हुन्छ (प्रकाश १९:११-१५)। त्यो विवाद जस्तै येशूभन्दा शैतान धर्मी, यस पृथ्वीको आधिकारिक व्यक्ति, मानिसहरूलाई जबरजस्ती प्रेम गर्न लगाउने परमेश्वरको नियत जस्ता परमेश्वरप्रतिको आरोपहरू सदाको निम्ति परमेश्वरको चरित्र देखाइएर शैतानको भन्डाफोर गर्दै अन्त्य हुने हो।

**चिन्तनमननः**

अ) कतिपय समयमा सुसमाचार प्रचार गर्दा अनेकौं तीतो अनुभव हुनसक्छ (प्रकाश १०:१०)। कति मानिसहरूले त्यसको अस्वीकार गर्दछन्, खिल्ली उडाउँछन् र प्रतिकार गर्दछन् र हामीहरूलाई पनि कुजात जस्ता अनेकौं आरोप लगाएर समाजबाट अलग्याउन खोज्छन्। त्यसले गर्दा सुसमाचार प्रचार गर्दा सार्वजनिकरूपमै बिरोधको सामना गर्नुपर्ने हुन्छ। बाइबलमा

नै अनेकौं पात्रहरू छन् जसले परमेश्वरको वचन जनसमक्ष ल्याउँदा अनेकौं प्रतिरोधहरूको सामना गर्नुपरेको थियो र कतिपयको त हत्या पनि भएको थियो। के तपाईंलाई केही ती पात्रहरू को थिए थाहा छ? तिनीहरूको अनुभवले हामी आफूले नै के सिक्न सक्छौं?

आ) एलेन जी ह्वाइटको यस अभिव्यक्तिलाई सोच्नुहोस्ः "येशूको आगमन वा संसारको अन्त्यको बारेमा दिन, वर्ष आदि नतोक्न परमेश्वरले मलाई बारम्बार चेतावनी दिनुभएको थियो। समयको आधारमा परमेश्वरका जनहरूको निम्ति कहिल्यै पनि सन्देश आउनेछैन। येशूको आगमन वा पवित्र आत्माको खन्याइ यसबेला वा त्यसबेला हुन्छ भनेर हामीले कहिल्यै पनि निश्चित दिन, समय वा वर्ष थाहा पाउन चासो राख्नुहुन्न।"-सेलेक्टेड मेसेजेज्, बुक १, पृ. १८८बाट रूपान्तरित। जब १८४४को अक्टोबरमा येशूको आगमन हुन्छ भनेर त्यसबेलाका इसाईहरूले विस्तृतरूपमै बाइबल पढेर अनुमान निकालेका थिए तब तिनीहरूको कमजोर पक्षहरू के थिए? हामी पनि अनेकौं चित्रहरू कोरेर यस संसारको अन्त्य र येशूको आगमनका दिन नतोकिकन कसरी सचेत हुने?

## कथा ७

## तिनवटी श्रीमती भएको श्रीमान्

## कार्लोस फ्रिटासय ४८, साओ टोमे र प्रिन्सिपे

साओ टोमे र प्रिन्सिपेको राजधानी साओ टोमेको बासिन्दा कार्लोसको तिनवटी श्रीमतीहरू थिए। ऊ र उसका अरू सात जना दाजुभाइहरू सेभेन्थ-डे एडभेन्टिस्ट हजुर आमाको घरमा हुर्केका थिए। तिनीहरू चर्च पनि जान्थे। जब तिनीहरूको हजुर आमा बित्नुभयो तब तिनीहरू चर्चबाट टाढा हुन गए।

जब कार्लोस २१ वर्षको थियो तब ऊ आइतबार मान्ने केटीसाथीसँग एउटा घरमा सऱ्यो। उनको नाउँ इडिटी भयो। तिनीहरूले एक बालिका जन्माए।

एक दिन कार्लोस र उसको श्रीमतीसँग भनाभन भयो। तिनीहरू रहेको टापुको संस्कार अनुसार नयाँ जन्मेकी बालिकाको कान छेड्ने प्रथा थियो। केटीलाई कुनै खतरा नहोस् भनेर उनलाई रक्षा गर्न कान छेडेर ढुङ्ग्री लगाइदिइन्थ्यो। कार्लोस चर्च नगएपनि गहनाहरूको बिरुद्धमा ऊ थियो। त्यसकारण आफ्नी श्रीमती इडिटीलाई छोरीको कान नछेड्न उसले अनुरोध गऱ्यो। दुई जनाको बीचमा कान छेड्ने विषयमा नराम्रो झगडा भइरहेकै समयमा कार्लोसलाई खबरै नगरि उसकी श्रीमतीले सानी बच्चीलाई एक जना पादरीद्वारा पानी छर्केर बप्तिस्मा दिन लगाइन्। जब इडिटीले आफ्नी छोरीलाई आफूखुशी बप्तिस्मा दिन लगाइन् तब कार्लोसले इडिटीलाई छोडेर घरबाट निस्के। अनि उसले मरिया नाउँ गरेकी दोस्री श्रीमती भेट्टायो। तर इडिटीले कार्लोससँग सम्बन्ध बिच्छेद गर्न मानेकी थिइनन्। त्यसकारण उनले कार्लोसलाई बोलाइरहिन्। "ओहो, अहिले त म दुईवटी जोईका पोइ भएँ" कार्लोसले असजिलो मानेर यस कथाका लेखकलाई भन्यो।

तर कसो कसो कार्लोस ती दुवै श्रीमतीहरूसँग खुशी थिएन त्यसकारण उसको तेस्री महिलासँग भेट भयो र उनीसँग आवतजावत हुन थाल्यो। आखिरमा उनलाई पनि आफ्नो घरमा ल्याएर आफ्नो श्रीमती बनायो। त्यसबाट पनि एउटा बालक जन्मयो।

अब कार्लोस पहिली श्रीमतीबाट पाँचजना छोराछोरी, दोस्री श्रीमतीबाट चार जना छोराछोरी र तेस्री श्रीमतीबाट एक बालकको बाबु हुन पुग्यो। कार्लोसले आफ्नो समय तीन श्रीमतीहरूलाई दिएतापनि पहिली श्रीमतीलेचाहिँ आफू एक्लो

भएको महसुस गर्दथिन्। त्यो एक्लोपना हटाउन उनी एक एडभेन्टिस्ट दम्पत्तीलाई साथी बनाइन्। तिनीहरूसँग इडिटी चर्चमा जान थालिन् र त्यही चर्चमा उनले बप्तिस्मा लिइन्।

कार्लोस अमेरिकी सरकारको रेडियो भ्वाइस अभ अमेरिकामा काम गर्दै थियो। त्यस रेडियोमा उसले समाचार प्रसारण गर्थ्यो। उसलाई परमेश्वरप्रति चासो थिएन। तर इडिटीले एक साबथमा आफ्ना दुई छोरीहरूको बप्तिस्मा लिनेबेलामा उनले गरेको निमन्त्रणा कार्लोसले स्वीकार गर्‍यो।

त्यस समय चर्चको मञ्चमा आफ्नी दुई युवती छोरीहरूले भजन गाएको सुन्दा कार्लोसको आँखाबाट आँसु झर्‍यो। आफू सानो हुँदा चर्चमा भजन गाएको याद उसलाई आयो। उसले आफ्नो अनुहार लुकाएकोले अरूले उसको आँसु देखेनन्। त्यस साबथ पछि आफ्नो पहिली श्रीमतीसँग कार्लोस पनि चर्चमा जान थाल्यो। तर जब दोस्री श्रीमती मरियाले कार्लोस चर्च जान थालेको थाहा पाएपछि उसले तिनलाई छोड्ने षडयन्त्र गरेको भनेर आरोप लगाइन्। "एडभेन्टिस्टहरू बिवाह नगरि सँगै बस्न दिदैनन्। त्यसको अर्थ तपाईंले इडिटीसँग विवाह गर्ने सुर कस्नु भएको छ" कार्लोसलाई रिसाएर भनिन्। तर आफू विवाहको निम्ति चर्च गएको होइन भनेर कार्लोसले सम्झाउन खोज्यो। "म मुक्ति खोज्न चर्चमा गएको हुँ। तिमीलाई पनि मुक्ति चाहिन्छ। तिमी पनि मसँग चर्च आउ न" कार्लोसले अनुरोध गर्‍यो।

उसको अनुरोधमा मरिया पनि चर्चमा जान थालि। प्रत्येक साबथ कार्लोसले आफ्नी पहिली श्रीमतीलाई कारमा लिएर चर्चमा लान्थ्यो। अनि दोस्री श्रीमतीलाई अर्कै एडभेन्टिस्ट चर्चमा लान्थ्यो। कार्लोस आलोपालो गरेर दुवै श्रीमतीहरू जाने चर्चमा तिनीहरूसँग जान थालेको थियो।

त्यही समयमा कार्लोसको तेस्री श्रीमती अर्को पुरुषसँग पोइलो गई। कार्लोसले गम्भीर समस्याको सामना गर्नु पर्‍यो। अब दुईटी श्रीमतीहरूमा कसलाई विवाह गर्ने सो निर्णय उसले गर्नुपरेको थियो। उसले दुवैसँग औपचारिकरूपमा विवाह नै नगरि घरजम गरेको थियो।

दुई महिनासम्म प्रत्येक साबथ कार्लोसले उपबास बसेर प्रार्थना गर्न थाल्यो। उसले पहिली श्रीमतीसँग विवाह गर्नुपर्ने विवेकले निधो गरिरहेको थियो तर बाइबलले के भन्छ सो उसले जान्न चाहेको थियो। एक दिन बाइबल खोलेर उसले प्रार्थना गर्‍यो, "हे प्रभु मलाई सहायता गर्नुहोस्। मेरो समस्याको समाधानको निम्ति बाइबलबाटै जवाफ दिनुहोस्।" कार्लोसले आँखा चिम्लेर

बाइबल पल्टाएको थियो र अनि प्रार्थना गरेको थियो। तब उसले आँखा खोल्यो र बाइबलमा हेऱ्यो अनि उसको आँखा मलाकी २:१४मा पऱ्यो जसमा लेखिएको छ " १४ तिमीहरू सोध्छौ, 'किन?' किनभने परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकी पत्नीको बीचमा साक्षीको काम गर्दैहुनुहुन्छ, किनकि तिमीहरूले त्यससँग दुर्व्यवहार गऱ्यौ, यद्यपि तिनी तिम्री जीवन-साथी र वैवाहिक करारमा बाँधिएकी पत्नी हो।" जब कार्लोसले पहिली श्रीमतीसँग विवाह गर्ने निर्णय गऱ्यो तब दोस्री श्रीमती धुरूधुरू रोइन्। तिनीहरू दुवै रोए तर दोस्री श्रीमतीले कार्लोसको समस्या बुझेकी थिइन्। कार्लोसले इडिटीलाई डिसेम्बर २९, २०१३मा विवाह गऱ्यो र पछि उसले बप्तिस्मा लियो।

"तब मेरो जीवनले नयाँ मोड लियो। म नयाँ सृष्टि हुन पुगेको थिएँ। प्रभुले मलाई के गर्नुभयो सो भन्न संसारमा जहाँ जान पनि म तयार छु" खुशी व्यक्त गर्दै कार्लोसले भन्यो।

(यस त्रैमासिकको भेटीको केही भाग साओ टोमेमा मध्यम वर्गको निम्ति चर्च भवन निर्माण गर्न सहयोग मिल्नेछ)।